मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १९३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ १७ गते बिहीवार (Thursday, 30 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## 'कथा वाचक शुद्ध हुनुपर्ने'

**काठमाडौँ, जेठ १६।** विभिन्न पुराण वाचन गर्ने कथावाचक आफैँ पनि आन्तरिक र बाह्यरूपमा शुद्ध हुनुपर्नेमा जोड दिइएको छ। काठमाडौँमा आयोजित कथा व्यासको दुई दिने राष्ट्रिय सम्मेलनमा यस्तो निष्कर्ष निकालेको हो।

मङ्गलबार सम्पन्न कथा व्यासको राष्ट्रिय सम्मेलनले द्विविधा उत्पन्न गर्ने, शास्त्रविरुद्ध हुने, शास्त्रीयरूपमा सामान्य ज्ञानसमेत नभएको हो कि जस्ता लाग्ने विषयलाई छाडेर शास्त्रसिद्ध विषयमात्र पुराण वाचनका

*(बाँकी अन्तिम पृष्ठमा)*



**धानको बीऊ राख्ने तयारी:** सुनसरीको इनरुवामा धानको वीऊ राख्न ट्र्याक्टरले खेत सम्याउँदै किसान। नहरमा पानी नछाडिँदा बीऊ छर्न एक साता ढिलो भएको किसान बताउँछन्। रासस

# मुआब्जाको व्यवस्था नभएको भन्दै रेल्वे प्रभावितको आपत्ति

**झापा, जेठ १६।** पूर्वपश्चिम बिद्युतीय रेलमार्ग अन्तर्गत काँकरभिट्टा-इनरुवा खण्डमा मुआब्जाका लागि सरकारले आर्थिक वर्ष २०८१/०८२को बजेटमा रकम बिनियोजन नगरेपछि रेल्वे प्रभावितहरुले आपत्ति जनाएका छन्।

२०७७ जेठ २४ गते सार्वजनिक सूचनामार्फत काँकरभिट्टा-इनरुवा खण्डमा पर्ने झापा, मोरङ र सुनसरीका ६३ वटा वडामा पर्ने करिव १५ हजार कित्ता जग्गा रोक्का राखेको सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ मा पनि मुआब्जा वितरणका लागि बजेट विनियोजन नगरेपछि स्थानीयवासी आक्रोशित बनेका हुन्।

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले रेल्वे आयोजनाका लागि जग्गा रोक्का राखेर मुआब्जा दिने भनिएको भएता पनि तीन वर्ष भइसक्दा पनि प्रभावितले मुआब्जा पाउन सकेका छैनन्। आफू बस्दै आएको घर र सम्पूर्ण जग्गा रेल्वेमा परेपछि रोक्का रहेको जनाउँदै बिर्तामोड-३का प्रकाश न्यौपानेले सरकारले आफ्नै सम्पत्तिमा आफूहरुलाई बन्धक बनाएको बताए। उनले भने- 'तीन वर्षदेखि घर जग्गा रोक्का छ, आफ्नै सम्पत्तिमा बन्धक भएर बस्नु पर्दाको पीडा व्यक्त गरेर साध्य नै छैन।' यो वर्ष पनि सरकारले बजेट नछुट्याएपछि जनता सडकमा उत्रनुको विकल्प छैन- न्यौपानेले भने।



दैनिक व्यवहारिक समस्याको कारण तीन वर्षदेखि प्रताडित बन्दै आएका रेल्वे प्रभावितले पूर्व प्रधानमन्त्रीहरु केपी शर्मा ओली, शेरवहादुर देउवा र वर्तामान प्रधानमन्त्री पुष्पकमल दाहाल समक्ष भेटी पटक-पटक समस्या राख्दा पनि सुनुवाई नभएको रेल्वे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति केशी प्रदेशका संयोजक डा. लक्ष्मी मैनालीले गुनासो गरे। 'दुई महिना अघि मात्रै दमकमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटेर तीन वर्षदेखि जग्गा रोक्का रहेको मुआब्जा पनि नपाएको समस्या राख्दा त्यहीँबाट विभागीय मन्त्री रघुवीर महासेठलाई फोन गरेर मुआब्जा बितरणको व्यवस्था मिलाउनु भनेको पनि हो'- संयोजक डा. मैनालीले भने- 'त्यतिवेला हामी आशावादी थियौं तर बजेट सार्वजनिकसंगै सम्पूर्ण रेल्वे प्रभावित आक्रोशित भएका छन्, तत्काल हामी कडाभन्दा कडा आन्दोलनका कार्यक्रम लिएर सडकमा उत्रन बाध्य छौं।'

'झापा क्षेत्र नं. २बाट निर्वाचित सांसद हाल सभामुख देबराज घिमिरेसंग पनि हामी निरन्तर सम्पर्कमा थियौं, पटक-पटक भेट्दा पनि हाम्रो समस्या सम्बोधन भएन, भेट्नुपर्ने र भन्नुपर्ने अब बाँकी केही छैन, अहिलेसम्मा हामी धैर्य गरेर पर्खिरहेका थियौं, अब सरकारलेनै हामीलाई नदेखेपछि संघर्षमा उत्रन बाध्य भयौं, हामी एक दुई दिनमै कार्यक्रम सार्वजनिक गर्छौं'- संयोजक डा. मैनालीले भने।

आफूहरु समस्यामा परेपछि १५ हजार रेल्वे प्रभावितको समस्या लिएर झापा, मोरङ, सुनसरीका प्रदेश तथा संघीय सांसद, पालिका प्रमुख, प्रमुख जिल्ला अधिकारी तथा राजनीतिक दलका नेतृत्व समक्ष जानकारी गराउँदा पनि राज्य नभएको जस्तो महसुस भएको मैनालीले दुःखेसो पोखे। 'कि परियोजना खारेज, रोक्का जग्गा फुकुवा कि त तत्काल मुआब्जा बितरणको सुनिश्चितताको माग लिएर जनताको साथमा सडकमा उत्रन सरकारले बाध्य बनायो'- उनले भने।

अर्थमन्त्री वर्षमान पुनले मंगलवार प्रस्तुत गरेको २०८१/०८२को बजेटमा रेल मार्ग बिकासको लागि भन्दै तीन अर्व ८८ करोड बिनियोजन गरेको छ तर तीन

*(बाँकी अन्तिम पृष्ठमा)*

## जबरजस्ती करणी अभियोगमा पक्राउ

**मोरङ, जेठ १६।** १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बेलबारी नगरपालिका-२ लालभित्ती रमिते टोल बस्ने १९ वर्षीय आकाश तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

आकाशले ती किशोरीलाई जबरजस्ती करणी गरेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता ३३ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा चितवन गोरखा सिरानचोक गाउँपालिका-३ बस्ने २१ वर्षीय बिबश सापकोटालाई प्रहरीले पक्राउ गरेको छ। भरतपुर महानगरपालिका-१ स्थित स्वस्तिका होटल एण्ड लजमा बसेकी ती महिलालाई विवशले कोठामा प्रवेश गरी जबरजस्ती करणी गरेको खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय नारायणगढबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## एमाले बिर्तामोडमा सुवास निर्वाचित




**बिर्तामोड, जेठ १६।** नेकपा एमाले बिर्तामोड नगर कमिटीको अध्यक्षमा पुनः सुवास भट्टराई निर्वाचित भएका छन्।

नेकपा एमाले बिर्तामोडको दोस्रो नगर अधिवेशनबाट अध्यक्षका उम्मेदवार भट्टराई २६८मत ल्याएर निर्वाचित भएका हुन्। उनका प्रतिष्पर्धी शेखर कँडेललाई पराजित गर्दै भट्टराई बिजयी भएका हुन्। कँडेलले १९९ मत प्राप्त गरेका थिए।

बिर्तामोड नगर कमिटीको उपाध्यक्षमा भट्टराई प्यानलका मदन बुढाथोकी सर्वाधिक लोकप्रिय मत प्राप्त गर्दै बिजयी भएका छन्। उनले ३२३ मत ल्याएर विजयी भए भने उनका प्रतिष्पर्धी राहुल शर्माले १३४ मत प्राप्त गरे।

त्यस्तै खुल्ला सचिव पदमा भट्टराई प्यानलकै अम्बिका लिङ्देनले २३८ मत मत ल्याएर विजयी भइन् भने उनका प्रतिष्पर्धी लक्ष्मीप्रसाद बाँस्कोटाले २१० मत प्राप्त गरे। त्यस्तै खुल्ला उपसचिव पदमा भट्टराई प्यानलका गंगालाल राजवंशी २२२ मत ल्याएर विजयी भए भने उनका प्रतिष्पर्धी हिमाल कन्दङ्वाले २२० मत प्राप्त गरे।

त्यस्तै महिला उपसचिवमा भट्टराई प्यानलकै डिल्लीमाया आचार्य २५४ मत मत ल्याएर विजयी भइन् भने उनका प्रतिष्पर्धी चन्द्रकला संग्रौला पकुवालले १७६ मत प्राप्त गरिन्। त्यस्तै लेखा कमिटीको उपाध्यक्षमा भट्टराई प्यानलका दिनेश अधिकारी २११ मत ल्याएर विजयी भए भने उनका प्रतिष्पर्धी किशोरकुमार पौडेलले १८८ मत प्राप्त गरे। त्यस्तै स्वतन्त्र उम्मेदवारी दिएका सुमन त्रिखत्रीले ३५ मत प्राप्त गरे।

त्यस्तै लेखा कमिटीको सचिवमा भट्टराई प्यानलकै हिमाल मैनाली २२२ मत मत ल्याएर विजयी भए भने उनका प्रतिस्पर्धी ढाँचाराज कडरियाले १९९ मत प्राप्त गरे। त्यस्तै लेखा कमिटी सदस्यहरुमा विष्णुप्रसाद आचार्य २८८, लक्ष्मी रोका २७९ र सुजन दाहाल २६८ मतसहित निर्वाचित भए भने राजन घतानीले २०३ मत प्राप्त गरी पराजीत भए। कूल ५०४ मतदाता रहेको अधिवेशनमा ४८८ जनाले मतदान गरेका थिए।

**सर्वाधिक मत ल्याउने मदन**

नेकपा एमालेको बिर्तामोड नगर अधिवेशनमा भएको निर्वाचनमा उपाध्यक्ष पदमा मदन बुढाथोकी सर्वाधिक मत प्राप्त गर्दै विजयी बने।

बिर्तामोड-३का वडाध्यक्ष समेत रहेका बुढाथोकी उनका प्रतिस्पर्धी समेत रहेका बिर्तामोड-४का वडाध्यक्ष राहुल शर्मालाई १८९ मत अन्तरले पराजित गर्दै विजयी भएका हुन्। बुढाथोकीले ३२३ मत प्राप्त गर्दा उनका प्रतिष्पर्धी शर्माले १३४ मत प्राप्त गरे। मिलनसार स्वभावका मदनले पार्टीभित्रको आन्तरिक निर्वाचनमा लोकप्रिय मत ल्याएका हुन्।

## प्रदेश प्रमुख खापुङसमक्ष महालेखा परीक्षकको प्रतिवेदन पेश



**मोरङ, जेठ १६।** कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङ समक्ष बुधवार महालेखा परीक्षकको आर्थिक वर्ष २०७९/०८०को छैठौं वार्षिक प्रतिवेदन पेश गरिएको छ।

प्रदेश प्रमुख खापुङलाई नेपालको संविधाको धारा २९४ को उपधारा (३) बमोजिम परीक्षक कार्यालयका नायब महालेखापरीक्षक श्रीप्रसाद राईले छैटौं वार्षिक प्रतिवेदन पेश गरेका हुन्। प्रदेश प्रमुख खापुङले प्रतिवेदन ग्रहण गर्दै आगामी दिनमा प्रदेशसभाले प्रतिवेदनमाथि छलफल गर्ने उल्लेख गर्दै मुलुकको आर्थिक स्थिति सुदृढ गर्न सबै मिलेर काम गर्नुपर्नेमा जोड दिए। उनले मुलुकमा जति धेरै बेरुजु घटाउन सकिन्छ त्यति नै धेरै आर्थिक समृद्धि कायम हुने विचार व्यक्त गरे। कार्यालका नायब महालेखापरीक्षक राईले प्रदेश मन्त्रालय तथा निकाय गरी एक सय ८० कार्यालयको रु. ४७ अर्ब ९३ करोड एक लाख १५ हजार र १८ समिति तथा अन्य संस्थाको रु. चार अर्ब ८५ करोड ७० लाख १९ हजार गरी

*(बाँकी अन्तिम पृष्ठमा)*

## १३ लाख १६ हजार नक्कली नेपाली नोटसहित पक्राउ




**वीरगञ्ज, जेठ १६।** बारा प्रहरीले ठूलो परिमाणमा नक्कली नेपाली रुपैयाँ बरामद गरेको छ। उनीहरुबाट प्रहरीले १३ लाख १६ हजार नेपाली नक्कली नोट बरामद गरेको हो।

बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेका उनका अनुसार विशेष सूचनाको आधारमा जिल्लाको सिमरौनगढ नगरपालिकाको वडा नम्बर-९मा छापामारी रकमसहित चार जनालाई पक्राउ गरिएको हो। नक्कली नोटसहित पक्राउ पर्नेहरूमा बारा कोल्हवी नगरपालिका-६का राजन चौधरी र आकाश चौधरी तथा रौतहट राजपुर-१ निवासी मोहन कुमार साह रहेका छन्। यी तीनै जना नेपालीहरूको साथबाट प्रहरीले ७ लाख ७ हजार नक्कली नेपाली रुपैयाँ बरामद गरेको प्रहरी प्रवक्ता न्यौपानेले बताए।

यसैगरी तीनै जना नेपालीसँगै साइकलमा नेपाली नक्कली नोट लिएर आएका भारत बिहार मतिहारी थाना कबैया पञ्चायतका महम्मद आलमलाई पनि प्रहरीले पक्राउ गरेको छ। चारैजनाको साथबाट नगदसँगै प्रहरीले दुई वटा मोटरसाइकल र एउटा साइकल समेत बरामद गरेको छ। चारै जनालाई जिल्ला प्रहरीको कार्यालयको हिरासतमा राखेर थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

# तीन वर्षमा ४०३५ नेपाली श्रमिकको मृत्यु

**काठमाडौँ, जेठ १६।** वैदेशिक रोजगार बोर्डको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/०७८देखि २०७९/०८० सम्म वैदेशिक रोजगारमा गएकामध्ये चार हजार ३५ नेपाली श्रमिकको मृत्यु भएको छ।

सो अवधिमा आठ सय ७० जना अङ्गभङ्ग तथा बिरामी भएको तथ्याङ्क छ। गत तीन वर्षको श्रमिकको मृत्यु दर विश्लेषण गर्दा २०७७/०७८ को तुलनामा २०७८/०७९मा पाँच प्रतिशत वृद्धि भएको र २०७८/०७९को तुलनामा २०७९/०८० मा एक प्रतिशत घटेको छ।

त्यस्तै अङ्गभङ्ग तथा बिरामी श्रमिकको दर २०७७/०७८मा १८.५० प्रतिशत रहेकोमा २०७८/०७९ मा ३१.९५ प्रतिशत र २०७९/०८०मा ४९.५४ प्रतिशतले वृद्धि भएको छ। मृत्यु हुने श्रमिकको सङ्ख्यामा कमी आए तापनि अङ्गभङ्ग तथा बिरामीको दर बढ्दो क्रममा रहेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

वैदेशिक रोजगारीमा गएका नेपाली कामदार सम्बन्धित देशको हावापानी, कामको चाप, मदिरा सेवन, कामदारवीच झैझगडा, परिवारिक तनाव, स्थानीय कानूनको जानकारीको अभाव, मेसिनरी औजारको सञ्चालनमा हुने प्राविधिक त्रुटि, ट्राफिक दुर्घटना, बिरामी, कार्यस्थल दुर्घटना, जलेर, निस्सासिएर, डुबेरलगायतका कारणले मृत्यु, अङ्गभङ्ग तथा बिरामी परेको अवस्था छ।




यस वर्ष भएको कूल मृत्यु एक हजार २ सय ५०मध्ये मलेशियामा २७.९६ प्रतिशत, साउदी अरबमा २६.३६ प्रतिशत, संयुक्त अरब इमिरेट्समा १७.९८ प्रतिशत, कतारमा १७.२३ प्रतिशत, कुवेतमा ६.०४ र अन्य देशमा ४.४३ प्रतिशत रहेको छ। स्वदेशबाट मेडिकल जाँच गरी श्रमको लागि गन्तव्य गएको नागरिकको वैदेशिक रोजगारीको अवधिमा हुने मृत्युलाई स्वभाविक मान्न सकिँदैन।

यसरी स्वभाविक, अज्ञात र अन्य कारणले मृत्यु हुनेको संख्या अधिक रहेको देखिएकोले वास्तविक कारण पत्ता लगाउनुका साथै बिरामीको कारण मृत्यु हुने मुलुकको स्वास्थ्य सुविधा सम्बन्धी अध्ययन, ट्राफिक दुर्घटनाबाट मृत्यु हुने मुलुकमा सचेतनाका कार्यक्रम, आत्महत्या दुरुत्साहन गर्न मनोचिकित्सालगायतका कार्यक्रम सञ्चालन गरी श्रमिकको मृत्युदर न्यून गर्ने व्यवस्था गर्नुपर्ने प्रतिवेदनको सुझाव छ।

वैदेशिक रोजगारीमा रहेका कामदारको गन्तव्य मुलुकमा मृत्यु भएमा मृतकको शव अन्तिम संस्कारको लागि परिवारलाई हस्तान्तरण गर्न वैदेशिक रोजगार बोर्डबाट रकम निकासा हुने गरेको छ। यो वर्ष शव व्यवस्थापनमा रू. दुई करोड ८५ लाख ८० हजार खर्च भएको प्रतिवेदनमा जनाइएको छ।

बोर्डबाट वैधानिक रूपमा रोजगारीमा रहेका कामदारको मात्र शव व्यवस्थापनको लागि रकम निकासा हुने गरेकोले

*(बाँकी अन्तिम पृष्ठमा)*

# लायन्स स्मार्ट लेडीले आँखा दान गर्ने




**बिर्तामोड, जेठ १६।** लायन्स क्लव अफ स्मार्ट लेडी बिर्तामोडले नेत्रहीनका लागि आँखा दान गरेका छन् ।

लायन्स लेडी बिर्तामोडका पदाधिकारी तथा सदस्यहरुले बुधवार बिर्ताबजारस्थित झापा नेत्रहीन संघको कार्यालयमा एक कार्यक्रमकाबीच नेत्रहीनका लागि आफ्नो आँखा दान गरेका हुन् ।

लायन्स लेडी बिर्तामोडकी अध्यक्ष अञ्जु खड्का, जोन चियर पर्सन पार्वता गिरी, प्रथम उपाध्यक्ष मञ्जु उप्रेती, दोस्रो उपाध्यक्ष मिरा खड्का, तेस्रो उपाध्यक्ष यशोदा उप्रेती, सचिव सरु भुर्तेल खनाल, लायन्स लेडीहरु पुनम घिमिरे र उनकी सासू पवित्रा घिमिरे, लीला दंगाल, लक्ष्मी आचार्य, शिला भट्टराई, गोमा खड्कालगायतले आँखादान गर्ने भएका हुन् । उनीहरुले आफ्नो मृत्युपछि नेत्रहीनका लागि आँखा दान गर्ने भएका हुन् ।

सोही कार्यक्रमकाबीच नेत्रहीनलाई सहारा नेपाल साकोसले उपलब्ध गराएको सेतो छडी बितरण गरिएको थियो भने लायन्स लेडीले ब्रेलपेपर बितरण गरेको थियो । सहारा नेपाल साकोसका ज्येष्ठ सदस्य तथा लायन्सका प्रतिनिधिसहितले नेत्रहीनलाई २० वटा सेतो छडी र ब्रेल पेपर बितरण गरेका थिए । लायन्स क्लव अफ स्मार्ट लेडी बिर्तामोडकी अध्यक्ष अञ्जु खड्काको अध्यक्षतामा भएको कार्यक्रममा लायन्सका डिस्टिक क्याबिनेट सेक्रेटरी लीला चिमरियाको प्रमुख आतिथ्य रहेको थियो । झण्डा अभिवादन तृतीय उपाध्यक्ष यशोदा उप्रेतीले गरेको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष मञ्जु उप्रेतीले गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि चिमरिया, सहारा नेपाल साकोसका जेष्ठ सदस्य तथा प्रतिनिधि मुकुन्द ढुङ्गाना, मेची आँखा अस्पतालका स्वास्थ्य शिक्षा अधिकृत युवराज बोहोरा, आँखा नानी संकलन केन्द्र इन्चार्ज पुण्यप्रसाद अधिकारी, झापा नेत्रहीन संघका अध्यक्ष होमनारायण राजवंशी लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन लायन्स लेडी बिर्तामोडकी सचिव सरु भुर्तेल खनालले गरेकी थिइन् । कार्यक्रममा लायन्स लेडी पार्वता गिरी, लायन्स डिस्टिक चीफ सत्यनारायण शर्मा, झापा नेत्रहीन संघका उपाध्यक्ष उत्तम खतिवडालगायतको आतिथ्य रहेको थियो ।

# चलचित्र 'जन्ते बाख्रो'मा सौगात

सिमोस सुनुवारको निर्देशनमा बन्ने चलचित्र जन्ते बाख्रोको केही समय अघि निर्माण घोषणा गरिएको थियो । चलचित्रको निर्माण घोषणा गर्दा कलाकार को-को रहने भन्ने जानकारी निर्माण टिमले दिएको थिएन ।

चलचित्रको निर्माण टिमले 'जन्ते बाख्रो'को मुख्य भूमिकामा अभिनेता सौगात मल्ललाई अनुबन्धित गरेको छ । यो चलचित्रमा सिमोस र सौगातले तेस्रोपटक सहकार्य गर्दैछन् । यसअघि उनीहरुले झ्यानाकुटी र हात्तीछापमा एकसाथ काम गरेका थिए । उनीहरु दुवै जना यो सिनेमालाई लिएर उत्साहित छ । आगामी भदौबाट छायांकन गरिने सिनेमाको कथा, पटकथा तथा संवाद प्रदीप भारद्वाजले लेखिरहेका छन् ।

कमेडी कथावस्तुमा सिनेमा 'जन्ते बाख्रो' निर्माण हुन लागेको शीर्षकले बुझाउँछ । बेहुली भित्र्याउने दिन जन्तीलाई खुवाइने भोजलाई जन्ते बाख्रो भन्ने चलन छ । सिनेमाको कथावस्तु यसैको वरिपरि आधारित रहने बुझ्न सकिन्छ । मुईन इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुने सिनेमामा सन्तोष गौतम र निर्देशक सिमोस सुनुवारको लगानीरहनेछ । सिनेमा कथावस्तुलाई लिएर सौगात उत्साहित छन् । सिनेमामा अभिनय गर्ने अभिनेत्रीको भने अहिले खोजी भैरहेको निर्माण टिमले जनाएको छ । अहिले केही अभिनेत्रीसँग कुरा चलिरहेकाले केहीदिनमा पात्र सुहाउदो अभिनेत्रीलाई अनुबन्धित गर्ने तयारीमा निर्माण टिम रहेको छ ।



### कथावाचक ...

क्रममा भन्नुपर्नेमा पनि जोड दिइएको छ ।

सम्मेलनका निष्कर्ष र नवनिर्वाचित कार्यसमितिका बारेमा जानकारी गराउन बुधवार आयोजना गरिएको कार्यक्रममा कथा व्यास क्षेत्रमा एकरूपता ल्याउनुपर्नेमा पनि जोड दिइएको थियो । धार्मिक क्षेत्रलाई पवित्ररूपमा स्थापित गराउन कथा व्यासको भूमिका महत्वपूर्ण हुने विषयलाई पनि धेरै प्रतिनिधिले जोड दिएको कथावाचक एवम् हिन्दू जागरण नेपालका संयोजक रामकृष्ण उपाध्यायले जानकारी दिए ।

सम्मेलनले कुबेर सुवेदीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गरेको छ । समाजको उपाध्यक्षमा बालकृष्ण अर्याल, महासचिव राघवप्रसाद उपाध्याय, कोषाध्यक्ष रामचन्द्र तिमल्सिना, सचिवमा सुरज कौण्डिन्य पराजुली रहेका छन् । सदस्यमा सुधा शास्त्री, देवभट्ट बराल, मदनराज उपाध्याय, जगन्नाथ सुवेदी, मनोज नेपाल र सन्तोष आचार्य रहेका छन् । कथा व्यास समाजले समसामयिक विषयमा सामाजिक जागरणका कार्यक्रम पनि गर्ने जनाइएको छ ।

राज्यले नै कथा व्यासलगायत धार्मिक क्षेत्रलाई नियमन गर्ने निकायको स्थापना गर्नुपर्ने माग कथा व्यासले गर्दै आएका छन् । यो काम गर्ने गरी नेपाल पञ्चाङ्ग निर्णायक समितिको स्थापना भए पनि स्पष्ट कानून, बजेट र जनशक्तिको अभावमा काम हुन नसकेको उनीहरूको भनाइ छ ।

### प्रदेश ...

जम्मा रु. ५२ अर्ब ७८ करोड ७१ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको जानकारी दिए ।

प्रतिवेदनमा सार्वजनिक गरिएको तथ्याङ्क अनुसार प्रदेशका सरकारी कार्यालय, समिति तथा अन्य संस्थाको आव २०७९/०८०मा फछ्र्यौट गर्नुपर्ने बेरुजु रु. एक अर्ब ३१ करोड ७६ लाख १० हजार रहेको छ । समग्र रुपमा प्रदेश अन्तरगतका कार्यालयको कूल बेरुजु दुई दशमलव ५६ प्रतिशत रहेको तथ्याङ्कमा जनाइएको छ ।

प्रदेशका विभिन्न मन्त्रालय तथा कार्यालयमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयमा ६१ दशमलव ३० प्रतिशत बेरुजु रहेको छ भने सबैभन्दा कम मुख्य न्यायाधीवक्ताको कार्यालयको शून्य दशमलव शून्य एक प्रतिशत रहेको छ । महालेखा परीक्षकले गतवर्षसम्म प्रदेशका पाँच प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको भए पनि प्रदेशसभाको सार्वजनिक लेखा समितिमा दफाबार छलफल नभएको देखिएकाले यथाशक्य छिटो छलफल गराइ टुंग्याउन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### मुआब्जाको ...

वर्षदेखि सरकारले नै रोक्का राखेको रेल मार्गमा पर्ने जग्गाको मुआब्जा वितरणको लागि भने कहीं कतै उल्लेख छैन । काँकरभिट्टा इनरुवा खण्ड र इटहरी विराटनगर रेल्वे लिंक आयोजना अन्तर्गत रोक्का रहेको करिव १५ हजार कित्ता जग्गाको लागि मुआब्जा वितरण गर्न तत्कालिन अवस्थामा २४ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको थियो ।

मुआब्जा वितरणको लागि भनेर झापा र सुनसरीमा डिमार्केशन गरी कंक्रिट किला समेत गाडिएको छ । सरकारले यो वर्ष पनि मुआब्जा बितरणमा बजेट व्यवस्थापन नगरेपछि ती सबै किला उखलेर हटाउने र आन्दोलनमा उत्रने चेतावनी रेल्वे प्रभावितले दिएका छन् ।

### तीन बर्षमा ...

गैरकानूनी रूपमा रहेका श्रमिकको मृत्यु भएमा शव व्यवस्थापनमा समस्या हुने गरेको नियोगहरूले उल्लेख गरेका छन् । वैदेशिक रोजगार व्यवसायी, रोजगारदाता कम्पनी, गन्तव्य मुलुकका सम्बन्धित निकायको कारण समेत श्रमिकहरू गैरकानूनी आप्रवासन हुने अवस्था देखिएको छ ।

अवैधानिक रूपमा रहेका र अलपत्र परेका कामदारलाई सुरक्षित आवासगृहमा राखी उद्धार समेत गरेको स्थिति छ । अवैधानिक रूपमा रहेका श्रमिकको मृत्यु भएमा मृतकको शव व्यवस्थापन नगरिनु व्यवहारिक देखिँदैन । श्रमिक गैरकानूनी आप्रवासनको कारण अध्ययन विश्लेषण गरी मृत्यु हुने श्रमिकको शव व्यवस्थापन हुनुपर्दछ ।

वैदेशिक रोजगार नियमावली-२०६४को नियम २८मा वैदेशिक रोजगारीमा गएको कुनै कामदारको करार अवधिभित्र कुनै कारणले मृत्यु भएमा मृतक श्रमिकको नजिकको हकवालालाई वैदेशिक रोजगार कोषबाट प्रारम्भमा रू. तीन लाख र २०७४ साउन १६ गतेदेखि रू. सात लाख आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ ।

वैदेशिक रोजगार बोर्डबाट प्राप्त विवरणअनुसार विगत पाँच वर्षमा पाँच हजार ५ सय ११ मृतक श्रमिकतर्फ रू. तीन अर्ब तीन करोड ९८ लाख र १५ अङ्गभङ्ग तथा बिरामी श्रमिकतर्फ रू. ४३ करोड ८४ लाख ७२ हजार आर्थिक सहायता उपलब्ध गराएको छ ।

## बुद्धशान्ति उद्योग वाणिज्य संघ

**कार्य समितिको निर्वाचन-२०८१**

## निर्वाचन कार्यक्रमको सूचना

मितिः २०८१।०२।१६

बुद्धशान्ति उद्योग वाणिज्य संघको मिति २०८१।०२।१३ गते हुने गरी तय गरिएको नयाँ कार्य समितिको निर्वाचन कार्यक्रम कारणवस मिति २०८१।०२।०२ गतेको उम्मेदवार मनोनयन दर्ता गर्ने दिनदेखि स्थगन गरिएकोमा मिति २०८१।०२।१५ गते बसेको सर्वदलीय भेलाको निर्णय अनुसार उक्त निर्वाचनको कार्यक्रम तपसिलको तालिका अनुसार हुने गरी निर्वाचन समितिको निर्णय भएको हुँदा सम्पूर्ण सरोकारवाला उद्योगी व्यवसायीहरुलाई जानकारी गराइन्छ ।

| क्र.स. | कार्यक्रमहरु | मिति | समय |
|---|---|---|---|
| १ | उम्मेदवारको मनोनयन-पत्र दर्ता | २०८१।०२।२० | १०देखि ३ बजेसम्म |
| २ | उम्मेदवारको नामावली प्रकाशन | २०८१।०२।२० | ४:०० बजे |
| ३ | उम्मेदवारी मनोनयन दर्तापत्रमाथि दावी विरोध | २०८१।०२।२१ | १०देखि ३ बजेसम्म |
| ४ | दावी विरोध उपर जाँचबुझपछि उम्मेदवारको संशोधित नामावली प्रकाशन | २०८१।०२।२१ | ४ बजे |
| ५ | उम्मेदवारले नाम फिर्ता लिने | २०८१।०२।२३ | १०देखि ३ बजेसम्म |
| ६ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१।०२।२३ | ४:०० बजे |
| ७ | मतदान | २०८१।०२।२८ | ८ बजेदेखि ४ बजेसम्म |
| ८ | मतगणना | | मतदान सकिएपछि |
| ९ | मतपरिणाम घोषणा | | मतगणनापछि |
| १० | मतदान केन्द्र | बुद्धशान्ति उद्योग | संघको कार्यालय |

**निर्वाचन संयोजक**
**डिल्लीराम तिम्सिना (९८६३६०७७७८)**

कोशी प्रदेश
श्रमाधान
रोजगार
मेला
जेठ १७ र १८ गते
समयः बिहान १० बजे देखि ६ बजे सम्म
स्थानः सिटी प्यालेस होटल एन्ड रिसोर्ट, विराटनगर
सहभागी हुन
क्यूआर कोड स्क्यान गर्नुहोस्
आयोजक
नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, विराटनगर ,मोरङ
विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय
संयोजन
सह-आयोजक

## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवम् तनावरहीत वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसाग सुरक्षित रहेको अनुभुति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## समावेश गरिएको

पूर्वाञ्चल दैनिक पत्रिकामा मिति २०८१ जेठ १४ गते पृष्ठ ४मा प्रकाशित गरिएको मितेरी बैंकको कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचनामा छुट भएको नाम समावेश गरी प्रकाशन गरिएको छ ।

| ऋणी | स्थायी ठेगाना | स्थायी ठेगाना |
|---|---|---|
| श्री झापाली मोरटसाइकल ग्यारेज तथा पार्टस पसल (प्रो. आतावुर सेख) द.प्र.न. ११२, दर्ता मिति २०७३।०७।३०, पान नं.६०५४२६४९८ दर्ता मिति २०७३।०८।०२ | झापा गा.पा.-०४, झापा | झापा गा.पा.-०४, झापा |
| **व्यक्तिगत जमानीकर्ताको नाम :** | **स्थायी ठेगाना** | **स्थायी ठेगाना** |
| नाम : नुजरुल सेख<br>ना.प्र.नं. : ०४१५२९८<br>जारी मिति : २०६३।०७।१३, झापा ।<br>वाबुको नाम : तोमी जुदिन सेख<br>बाजेको नाम : तुलफन सेख<br>ठेगाना : झापा गा.पा.-०४, झापा । | झापा गा.पा.-०४, झापा | झापा गा.पा.-०४, झापा |

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेशको

प्रथमपटक प्रकाशित मितिः २०८१/०२/१७

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

यस संस्थासाग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघीसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनुपर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन यो १५ दिने म्यादसहितको सुचना जारी गरिएको छ । अत: यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिनभित्रमा आफ्ले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृयाका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | गोमादेवी खतिवडा | गौरादह-९ | मेघनाथ खतिवडा | खडानन्द्र खतिवडा | नारदप्रसाद अधिकारी | बैगुनधुरा | गोमादेवी खतिवडा | मेघनाथ खतिवडा |
| २ | कुमार प्रधान | गौरादह-९ | पदबहादुर प्रधान | कृष्णबहादुर प्रधान | उषा प्रधान | बैगुनधुरा | उषा प्रधान | रामबहादुर खड्का |
| ३ | हिमालय दाहाल | दमक-९ | हरिप्रसाद दाहाल | लक्ष्मी प्रसाद दाहाल | जानुका दाहाल | दमक | जानुका दाहाल | पुण्यप्रसाद दाहाल |
| ४ | हर्कबहादुर शेर्मा | दमक-८ | तिलबहादुर शेर्मा | नेखमान शेर्मा | बालकुमारी शेर्मा | दमक | हरीमाया शेर्मा | हरकसाने लावती |
| ५ | सलेतुन खातुन | गौरादह-१ | सलिम मिया | राजमान मिया | मुन्ना मिया | गौरादह | सलेतुन खातुन | सलिम मिया |
| ६ | हेमबहादुर लिम्बु | कमल-१ | दिलबहादुर लिम्बु | कणबहादुर लिम्बु | रेखा लिम्बु | गौरादह | हेम बहादुर लिम्बु | दिलबहादुर लिम्बु |
| ७ | प्रेमप्रसाद निरौला | गौरादह-७ | खड्गराज निरौला | त्रिलोचन निरौला | गंगा निरौला | ग्वालडुब्बा | प्रेमप्रसाद निरौला | खड्गराज निरौला |
| ८ | देवेन्द्रप्रसाद भट्टराई | गौरादह-७ | रमनदाश भट्टराई | प्रभाखर भट्टराई | मेनुकादेवी भट्टराइ | ग्वालडुब्बा | देवेन्द्रप्रसाद भट्टराई | रमनदाश भट्टराई |
| ९ | मिनाकुमारी खड्का | गौरादह-९ | रितबहादुर खड्का | तिर्थबहादुर खड्का | नारायणबहादुर पौडेल | ग्वालडुब्बा | मिनाकुमारी खड्का | रितबहादुर खड्का |
| १० | कृष्णकुमारी गौतम | गौरादह-७ | वेदनिधि गौतम | धनपति गौतम | बिष्णुकुमार दाहाल | ग्वालडुब्बा | कृष्णकुमारी गौतम | बेदनिधि गौतम |
| ११ | कुमारबहादुर कटुवाल | गौरादह-७ | तिलकबहादुर कटुवाल | रनधोज कटुवाल | राधिका कटुवाल दाहाल | ग्वालडुब्बा | कुमार बहादुर कटुवाल | तिलक बहादरु कटुवाल |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.,** क्षेत्रीय उपसमिति, कनकाई-रतुवा (ख)

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# बजेट कार्यान्वयनमा जोड देऊ

**सरकारले आर्थिक वर्ष ०८१–०८२ का लागि साठे अठाह्र खर्बभन्दा बढीको बजेट ल्याएको छ । विगत लामो समयदेखि अबरुद्ध संसदको मंगलबारको संयुक्त बैठक व्यग्र चासोको विषय भइरहेका बेला अर्थमन्त्री वर्षमान पुनले संसदमा निर्वाध बजेट प्रस्तुत गरेका थिए । गत वर्षभन्दा छ दशमलव दुई प्रतिशत बढी प्रस्तुत बजेटको कार्यान्वयन अबको प्रतिक्षाको विषय बनिएको छ । संघीय संसदको संयुक्त बैठकमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्दै बजेटको कार्यान्वयनले आर्थिक गतिविधिमा तीब्रता आउने, उत्पादन वृद्धि हुने, रोजगार सृजना भई दिगो तथा समावेशी आर्थिक वृद्धि हासिल हुने दाबी गरेका छन् ।**

**कोरोना महामारीपछि थलिएको अर्थतन्त्र अझै लयमा फर्किन सकेको छैन । राजनीतिक अस्थिरताका कारण समग्र प्रणाली प्रभावित भएको छ । उद्योग तथा वाणिज्य क्षेत्रमा अपेक्षित सुधार हुन नसकेको मात्र होइन व्यावसायीहरु पलायन भइरहेका छन् । देशको आयको मूल स्रोत भनिएको कृषि क्षेत्रमा अझै सुधार हुन सकेको छैन । सक्षम जनशक्तिको पलायनले एकातिर खेतीयोग्य जमिन बाँझिन थालेको छ भने तिनीहरुलाई देशमै रोक्नेखालको योजना र कार्यक्रम सरकारले दिन सकेको छैन । चालू आर्थिक वर्षमा स्रोत व्यवस्थापनको अवस्था कमजोर रहेको भन्दै जानकारहरुले आगामी वर्ष पनि त्यही चुनौती दोहोरिने सम्भावना रहेको बताएका छन् ।**

**प्रस्तुत बजेटमा उल्लेख भएको बाह्र खर्ब राजश्व उठाउने लक्ष्य चुनौतीपूर्ण छ । किनभने चालू आर्थिक वर्षमै अनुदान र वैदेशिक ऋण लक्ष्यभन्दा कम हासिल भएको छ । अझ शिक्षक लगायत निजामति तथा जङ्गी सेवामा कार्यरत राष्ट्रसेवकहरुलाई बजेट भाषणले सम्बोधन नै नगरेका कारण उनीहरुको मनोबल उठ्ने सम्भावना छैन । अवकाश प्राप्त शिक्षकहरुले समयमा पेन्सन पाइरहेका छैनन् भने सेवारत कर्मचारीहरुलाई पनि पारिश्रमिक दिन ढिलाइ भइरहेको उनीहरुले बताएका छन् ।**


**आर्थिक वृद्धिको सम्भावित क्षेत्रहरुको पहिचान गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने बजेटको लक्ष्य रहेको छ । त्यस्तै डिजिटल अर्थतन्त्र र हरित अर्थतन्त्रका लागि आयोग गठन गर्ने विषय बजेटमा उल्लेख छ । सूचना प्रविधि क्षेत्रमा आगामी दश वर्षमा तीस खर्बको निर्यात गर्ने, आगामी आवमा सोह्र लाख पर्यटक भित्र्याउने जस्ता महत्त्वाकांक्षी योजना बजेटमा समेटिएको छ । अर्थमन्त्रीद्वारा प्रस्तुत बजेट माथि पूर्व अर्थमन्त्रीहरु तथा अर्थविदहरुले टिप्पणी गर्दै बजेट कार्यान्वयनमा आशंका व्यक्त गरेका छन् । जे होस अवरुद्ध संसद बजेट अधिवेशनबाटै सुचारु हुनु खुशीको विषय हो । अब संसदले बजेटमाथि छलफल गरी आवश्यकताका आधारमा हेरफेर तथा कार्यान्वयन गर्न सरकारको ध्यान जानु पर्छ ।**

### सामाजिक सञ्जाल



अवसर प्राप्तीको कसीमा इमान्दारिता डगमगाउन नदिने र क्षमता देखाउन सक्नुलाई राजनीति गर्नेले सफलता मान्नु पर्दछ । तर, नेपाली राजनीति आन्दोलनमा सफल तर सत्ताको कसीमा असफल भएका व्यक्तिको बाहुल्यताले निराश बनाएको छ ।

**– चन्द्र भण्डारी**



कांग्रेस लगायतका दलहरूले संसदमा आफूले गम्भीर विषय उठाएका थियौ भन्ने हो भने त्यसको निरूपण अब संसदीय छानबिन समितिले कसरी गर्न सक्छ ? यस्तो समितिको रिपोर्टको के कानूनी मान्यता रहन्छ ? अहिले सम्मको समय बर्बादी केका लागि गरेको ? संसदीय व्यवस्थामा चाहिने प्रतिपक्ष नै हामीले पाउन सकेनौं ।

**– भीमार्जुन आचार्य**



देशसँग आम्दानी हुने उद्योग, व्यापार सबै डामाडोल छ । पेलपाल गरेर जनतासँग कर असुल गरी केही आम्दानी गर्छु र ऋण लिएर जसोतसो खर्च चलाउँछु । आजसम्म चलेको छ, जहिलेसम्म चल्छ हेर्दै गरौला । बजेटको बेलामा नेपाल ।

**– निर्मला ढकाल**

# पेचिलो बन्दै वातावरणीय न्यायका मुद्दा

**प्रगति ढकाल**



पहिला-पहिला जलवायु तथा वातावरणीय मुद्दाहरुमा खासै ठूलो बहस र पैरवी हुँदैनथ्यो । दिगो विकासको अवधारणसँगै वातावरणीय मुद्दा पनि प्रथामिकतामा पर्दै जान थाल्यो । पहिलो र दोस्रो पुस्ताले गाँस, बास, कपास, शिक्षा शान्तिपूर्वक बाँच्न पाउनु, सांस्कृतिक तथा राजनीतिक अधिकारलाई अधिकारको रुपमा लिने गर्थे भने तेस्रो पुस्तासम्म आइपुग्दा दिगो विकास तथा वातावरणीय अधिकार पनि थप भए ।

पछिल्लो समय अझै वातावरणीय न्यायका कुरा ज्वलन्त बन्दै गइरहेका छन् । नेपालमा लोकतन्त्र ल्याउनका लागि ऐतिहासिक जनआन्दोलन २०६२/०६३ भयो । यही जनआन्दोलनले बोकेको भावना अनुरूप नेपालको अन्तरिम संविधान २०६३ कार्यान्वयनमा आएसँगै राजामा निहीत रहेको शक्तिलाई हटाई गणतन्त्रात्मक शासन व्यवस्थाको लागि मार्गप्रशस्त गर्ने काम भयो । संविधानसभाले २०६५ जेठ १५ गते २४७ वर्षदेखिको राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गरी नेपालमा गणतन्त्र स्थापना गऱ्यो ।

नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको उदय भएसँगै अझै बढी वातावरणीय मुद्दामा आवाज बुलन्द बन्दै गए । हिजो वातावरणीय न्यायका विषयवस्तु वन तथा वातावरण मन्त्रालय, वातावरणविज्ञको विषयवस्तु बनाइएकामा आज सबैको साझा चिन्ता र चासोको विषयवस्तु बन्दै गइरहेको छ । संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा राखेको छ । त्यस्तै संविधानको धारा ४६ मा न्यायिक उपचारको हकको व्यवस्था गरिएको छ । पछिल्लो समय विश्वका अधिकांश मुलुकले वातावरणीय हकलाई मौलिक हकको रुपमा राख्न थालेका छन् । वातावरण ऐन २०७६, वन ऐन २०७६ तथा राष्ट्रिय निकुञ्ज ऐन २०२९ मा पनि वातावरण, वन, जैविक विविधता संरक्षण सम्बन्धी कानूनी व्यवस्था रहेको छ ।

हिजो राजनीतिक विषयवस्तुमा सडक आन्दोलन देख्न पाइन्थ्यो । आज वातावरणको पक्षमा समेत सडकदेखि सदनसम्म आवाज उठाउन थालिएको छ । हिजो विकास विकास मात्रै भन्ने समाजलाई आज वातावरण संरक्षण बिनाको विकासले विनाश निम्ताउँछ भन्ने चेतनाको विकास भएको छ । हिजोका पुस्ता अन्य अधिकारका लागि अदालत धाइरहँदा आजका पुस्ता वातावरणीय न्याय माग्दै अदालत धाउन थालेका छन् ।

वातावरणीय संरक्षणको पक्षमा तथा वातावरणीय न्यायको पक्षमा अदालतले विभिन्न खालखण्डमा गरेको फैसलाले पनि उत्तिकै चर्चा पाउन सफल भएका थिए । दुई वर्षअघि बाराको निजगढमा अन्तर्राष्ट्रिय विमान स्थल निर्माण सम्बन्धी सरकारका निर्णय बदर गर्ने सर्वोच्च अदालतको फैसलाले पनि निकै चर्चा पायो । विमान स्थल निर्माणको कार्य अघि बढाउँदा वातावरणीय विनाश हुने भन्दै सरोकारवालाको चर्को विरोध बढेको थियो । उहाँहरुले वातावरणीय न्याय खोज्दै सर्वोच्च अदालतको ढोका ढक्ढक्याउनुभयो ।

सराकोकारवालाको आवाजको प्रतिनिधित्व गर्दै निजगढमा विमान स्थल बनाउने सरकारको निर्णयबिरुद्ध वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा र अधिवक्ता रन्जुहजुर पाँडे क्षेत्रीले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो । फलस्वरुप अदालतले रिटमा सुनुवाइ गर्दै २०७९ जेठ १२ गते सर्वोच्चको बृहत्पूर्ण इजलासले सरकारका निर्णय खारेज गर्ने फैसला गरेको थियो । न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमानसिंह राउत र मनोजकुमार शर्माको बृहत्पूर्ण इजलासले सरकारको निर्णय बदर गरेको हो ।

त्यसैगरी, अर्को वातावरणीय मुद्दा पनि चर्चित बन्यो । वातावरणमा गम्भीर क्षति पुऱ्याइरहेको निष्कर्षसहित २०७२ सालमा गोदावरी मार्बलखानी उत्खननको नवीकरणीय थप नगर्न भन्दै सर्वोच्च अदालतले दिएको आदेशले पनि चर्चा पाउन सफल भयो । खानी उत्खननको अवधि सरकारले २०६८ सालमा १० वर्षका लागि नवीकरण गर्ने निर्णय गरेको थियो । त्यही निर्णयबिरुद्ध जनहित संरक्षण मञ्च (प्रोपब्लिक)ले सर्वोच्चमा रिट दायर गरेको थियो ।

काठमाडौं उपत्यकामा प्लास्टिकको झोला प्रतिबन्ध सम्बन्धमा सर्वोच्च अदालतले गरको फैसला पनि चर्चाकै विषय बन्न पुग्यो । प्लास्टिक उत्पादक सङ्घले प्लास्टिकको झोला प्रतिबन्द गरेर प्लास्टिकजन्य उद्योग धरासायीमा पारिएको भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाइ सर्वोच्च अदालतमा निवेदन दर्ता गराएको थियो ।

सो निवेदन २०७४ भदौ ११ गते पूर्व प्रधानन्यायाधीश गोपाल पराजुली र वर्तमान न्यायाधीश सपना प्रधान मल्लको संयुक्त इजलाशको आदेशले खारेज गरिदियो । कारण थियो प्लास्टिको झोलाले वातावरण प्रदूषण गराएको र मानवीय स्वास्थ्यमा असर गर्न सक्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) र (छ)(५) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिकाभित्र प्लास्टिकको झोलाको प्रयोग, उत्पादन तथा बिक्री वितरणलाई व्यवस्थित र नियमित गर्न निश्चित मापदण्ड बाहेकको प्लास्टिकको झोला प्रयोग उत्पादन, बिक्री वितरणलाई प्रतिबन्ध लगाउने गरी गरेको २०७० बैशाख ५ गतेको काठमाडौं महानगरपालिकाको निर्णय कानून बमोजिम नै देखिएको भन्दै निवेदन खारेज भएको थियो ।

**जलवायु न्यायमा बुलन्द बन्दै आवाज**

जलवायु परिवर्तनको असरका कारण पर्वतीय क्षेत्रमा पारेको असरको विषयमा उत्तिकै चर्चा हुन थालेका छन् । जलवायुको सङ्कटबाट कसरी हाम्रा हिमाल बचाउने ? भन्ने चिन्ता विगतका दिनमा सीमित मानिसमा हुने गर्थ्यो । आज भने राजनीतिकस्तरबाट नै चासोको विषय बन्नुले जलवायु न्यायमा बुलन्द आवाज बन्न थालेको छ । वि.सं. २०६६ मङ्सिर १९ गते सगरमाथाको आधार शिविर कालापत्थरमा बसको मन्त्रिपरिषद्को बैठक गरेर विश्वका विभिन्न मुलुकले जलवायु परिवर्तनले विश्वमा पार्दै आएको असर र ती असरको न्यूनीकरणका लागि विश्व समुदायको ध्यान खिच्न फरकशैली अपनाइरहेका थिए । यस बैठकले १० बुँदे घोषणापत्र जारी गरेको थियो । राजनीतिकस्तरबाट पनि अब जलवायुको असर न्यूनीकरणका लागि पहल गरिनुपर्छ भन्ने सन्देश समेत यसले दिएको छ ।

वि.सं. २०६६ मङ्सिर २२ देखि पुस ३ गतेसम्म डेनमार्कको राजधानी कोपेनहेगनमा भएको १५औं विश्व जलवायु सम्मेलनमा विश्वको ध्यानआकर्षण गर्नकै लागि कालापत्थरमा मन्त्रिपरिषद्को बैठक बसेको थियो यसबेलादेखि नै हरेक कोपमा नेपालले जलवायु परिवर्तनको असरका कारण हाम्रा हिमालको हिउँ पग्लिरहेको छ, हिमाललाई जलवायुको असरबाट बचाउनुपऱ्यो भनेर अन्तर्राष्ट्रिय सभासम्मेलनमा समेत नेपालले बुलन्द आवाज उठाइरहेको छ । नेपालले हिमालको मुद्दालाई प्रथामिकता दिएर मुख्य एजेन्डा स्वरुप कोपमा लिएर जाने गरेको थियो । तर, ती एजेन्डा सम्बोधन हुँदैनथ्यो । नेपालले हार नखाइ पटक पटक यी एजेन्डामा आवाज उठाउन भने छाडेन ।

नेपालले जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, कोप-२६ मा नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने लक्ष्यसहित सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनको लक्ष्य लिएको छ । सन् २०२१ नोभेम्बर १ देखि २ तारिखसम्म भएको कोप-२६ का अवसरमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पनि सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन गर्ने बाचा गर्नुभएको थियो ।

गत नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म युएइको दुबइमा संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (यूएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको २८औं सम्मेलनमा पनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यस मुद्दालाई प्रमुखताका साथ उठाउनुभयो । 'म यहाँ ३० मिलियन नेपालीको सन्देश बोकेर आएको छु' -प्रधानमन्त्री दाहालले सम्बोधनको शुरुमै भन्नुभएको थियो- 'तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रात पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।'

गत कात्तिक दोस्रो साता संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टिनिओ गुटेरेस नेपाल भ्रमणमा आउनुभएको थियो । भ्रमणको क्रममा उहाँले जलवायु परिवर्तनले पारेको प्रभावको विषयमा बुलन्द रुपमा आवाज उठाउनुभएको थियो । हिमालको फेदबाट जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका प्रभावलाई प्रत्यक्ष निहाल्नुभयो । २८औं विश्व जलवायु सम्मेलन दुबईमा 'बर्ल्ड क्याइमेट एक्सन समिट' को उद्घाटन सत्रमा बाल्दै उहाँले पटक-पटक नेपालको विषयमा आवाज उठाउनुभयो ।

प्रधानमन्त्री दाहालदेखि महासचिव गुटेरेशसम्मले आवाज बुलन्द उठाएर पनि होला पर्वतीय क्षेत्रमा जलवायुले पारेको असरले विश्व समुदायको ध्यान खिच्न सहयोग पुग्यो । पहिलोपटक जलवायुले हिमालमा पारेका असर कोप-२८ निर्णयका दस्तावेजमा समावेश गरिएसँगै नेपालका लागि यो महत्वपूर्ण र ऐतिहासिक निर्णय भयो । यसले वर्षौंदेखि सफल हुन नसकेको नेपालको लक्ष्य पूरा भएको छ ।

हिमालको एजेन्डाले पाएको प्राथमिकतासँगै चर्चा पनि पायो । फलस्वरुप पर्वतीय क्षेत्रका मुद्दामा नेपालले नेतृत्व लिन सफल भएको छ । यही जेठ ९ र १० गते नेपालले 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञको अन्तर्राष्ट्रिय संवाद' आयोजना गरेको थियो । विश्वका २३ देशका विज्ञहरुसहित एकैथलोमा बसेर नेपालको पर्वतीय क्षेत्रमा जलवायुले पारेको समस्या र निराकरणको उपाय खोज्ने प्रयास भयो ।

पर्वतीय क्षेत्रका जलवायु परिवर्तनको असर न्यूनीकरणमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, वन तथा वाताववरणमन्त्री नवलकिशोर साह सुडीदेखि, जलवायुविद्, नागरिक समाज, निजी क्षेत्र एकै स्थानमा भेला भएर निष्कर्ष खोजिरहँदा अब भने जलवायु न्यायमा सबै वर्गका मानिसको साझा मुद्दा बन्न थालेको छ । हिजो विकासका मुद्दालाई प्रथामिकता दिएर राजनीतिक दलले चुनावी एजेन्डा बनाइरहेको सन्दर्भमा आज भने चुनावी एजेन्डामा वातावरणीय मुद्दाले प्रथामिकता पाउन थालेका छन् ।




# बालबालिकामा देखिने समस्या, कसरी जोगाउने ?



यतिखेर तापक्रम उकालो लागेकोलाग्यै छ । गर्मीमा घाँटी खराब हुनु, रुघा, ज्वरो आउनु सामान्य जस्तै हो । तर, उचित सावधानी राखियो भने रोगबाट बच्न सकिन्छ । गर्मीका बेला लाग्ने रोगबाट बचाउन बाबुआमाले विशेष ध्यान दिनुपर्छ । तर, यो बेला भरपूर पानी पिउने, पोषणयुक्त आहारा दिने, धेरै समय बाहिर ननिस्कने र आराम गर्ने गर्नुपर्छ । गर्मीको मौसममा यस्ता समस्याबाट बच्नुपर्छ :

**सनस्ट्रोक :**

सामान्यतः गर्मीमा सनस्ट्रोकको समस्या हुन्छ । यो मौसममा शरीरले आफैंलाई चिसो राख्ने क्षमता कमजोर हुन्छ । यसैले सनस्ट्रोकबाट बच्नका लागि भरपूर मात्रामा पानी पिउनुपर्छ । हिटस्ट्रोकबाट पीडित हुँदा धेरै ज्वरो आउने र कमजोरी महशुस हुन्छ ।

**डाबर आउनु :**

गर्मीका कारण शरीरका विभिन्न भागमा डाबर या घमौरा आउँछ । यसको समाधानका लागि डाक्टरलाई देखाउनुपर्छ ।

**एलर्जी :**

धूलो र गर्मीका कारण एलर्जी हुने समस्या आम हो । यसका लागि धेरै घाममा बाहिर निस्कनुहुन्न ।

**हैजा, टाइफाइड र जण्डिस :** यी सबै पानीका कारण हुने रोग हुन् । यसबाट बँच्न सकेसम्म बाहिर खानुहुन्न । बाहिरको खाना गर्मीका कारण चाँडै नै बिग्रन्छ । गर्मीमा पानीको माग बढ्ने भएकाले प्रदुषित पानीको प्रयोगका कारण पनि यस्ता समस्या फैलन्छन् । ब्याक्टेरिया तातो र नुनिलोपानीको माहौलमा पैदा हुन्छन् । ब्याक्टेरियायुक्त खाना खानाले विभिन्न समस्या निम्तन्छन् ।

**लामुखट्टेका कारण हुने समस्याः** घरवरिपरी जम्मा हुने पानी लामखुट्टेको बासस्थान बन्छन्, लामुखुट्टेको टोकाइका कारण डेंगु, मलेरिया जस्ता रोग लाग्छन् ।

**कसरी बच्ने ?**

सडकमा बेच्न राखिएका काटेका फलफुल र अन्यखालका खानेकुरा बालबालिकालाई नखुवाउनुहोस् । यस्तो मौसममा बच्चाहरुलाई मसालेदार र तारेका खानेकुरा नखुवाउनुहोस् । यस्ता खानेकुरा सजिलोसँग पच्न सक्दैनन् । उनीहरुलाई ताजा फल, हरिया तरकारी, जुस जस्ता स्वस्थकर खानेकुरा र हल्का खाना खुवाउनुस् ।

बच्चालाई तिर्खा नलागे पनि पानी पिइरहन प्रेरित गर्नुहोस्, यसले शरीर सुख्खा रहन दिँदैन । उनीहरुलाई कागती पानी, नरिवलको पानी र अन्य प्राकृतिक तरल पदार्थ दिनुपर्छ । बालबालिकालाई हल्का र खुला कपडा लगाउन दिनुहोस् । तन्दुरुस्तीका लागि आफूसँगै बच्चालाई पनि बिहान-बेलुकी कसरत गराउनुहोस् ।

# ७९ जना विद्यार्थीलाई छात्रवृत्ति



**बिर्तामोड, जेठ १६।** कक्षा १ देखि १२ सम्म अध्ययनरत् ७९ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको छ।

झापाली समाज अमेरिका, झापा विकास मञ्च र झापा जिल्ला सहकारी संघको सहकार्यमा विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको हो। विद्यालय स्थानीय तह तथा पालिकाबाट सिफारिस भएका ७९ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको हो।

भविष्यको कर्णधार छात्रवृत्ति वितरण कार्यक्रमको आयोजना गरी झापाका १५ वटै स्थानीय तहका ७९ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको छ। १७औं गणतन्त्र दिवसको अवसर पारेर छात्तवृत्ति वितरण गरिएको हो। जनही २० हजार रुपैयाँका दरले छात्तवृत्ति वितरण गरिएको बताइएको छ।

झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको अध्यक्षतामा भएको कार्यक्रममा झापा जिल्ला शिक्षा समन्वय समितिका प्रमुख राजकुमार विकको प्रमुख आतिथ्य रहेको थियो।

झापा जिल्ला सहकारी संघका बरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि विक, झापाली समाज अमेरिकाका संस्थापक अध्यक्ष तथा अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष मुकुन्द ढुङ्गाना, कनकाई नगरपालिकाका नगर प्रमुख राजेन्द्रकुमार पोखरेल, झापा विकास मञ्जका अध्यक्ष डा.आनन्द श्रेष्ठ, सहकारीका तर्फबाट सुनकोशी सहकारीका अध्यक्ष गंगाराम ओडारी, शिक्षकका तर्फबाट मेचीनगरको सरस्वती माबिका प्रधानाध्यापक भीमकुमार श्रेष्ठ, छात्रवृत्ति पाउने विद्यार्थीका तर्फबाट जनकल्याण माविका ज्ञानदेव राजवंशी, अभिभावकका तर्फबाट सरस्वती रसाइली लगायतले आ–आफ्नो भनाइ राखेका थिए। कार्यक्रमको सञ्चालन झापा जिल्ला सहकारी संघका सचिव भवानीप्रसाद दंगालले गरेका थिए।

त्यस्तै भविष्यको कर्णधार छात्रवृत्ति कोष स्थापनाका लागि संघका अध्यक्ष गणेश ढकालले एक लाख, संघका बरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले एक लाख र सचिव भवानीप्रसाद दंगालले ५० हजार रुपैयाँ दिने घोषणा गरेका छन्।

कार्यक्रमका बीच झापाली समाज युएसएले कनकाई नगरपालिकालाई एउटा शव बाहन हस्तान्तरण गरेको छ। रोटरी क्लव अफ सुरुङ्गाका अध्यक्ष शिवकुमार कँडेल र पूर्व अध्यक्ष सुशिलकुमार श्रेष्ठले संयुक्तरुपमा शव बाहनको चावी नगर प्रमुख राजेन्द्रकुमार पोखरेललाई हस्तान्तरण गरेका थिए। त्यस्तै झापाली समाज साउदी अरवले छात्रवृत्तिका लागि पाँच लाख रुपैयाँ प्रदान गरेको थियो।



**मकै भित्र्याउने चटारो : सुनसरीको इनरुवा–९ का किसान सियाराम मेहता खेतमा मकै भाँच्दै। यतिबेला किसानलाई मकै भित्र्याउने चटारो छ।** **तस्वीर : रासस**

# १५० परिवारलाई झुल



**काँकरभिट्टा, जेठ १६।** गणतन्त्र दिवसको अवसर पारेर नेकपा ( माओवादी केन्द्र) मेचीनगरले एक सय ५० परिवारलाई झुल वितरण गरेको छ।

माओवादी मेचीनगर र वडा नम्बर ७ को आयोजनामा मेचीनगर–७ स्थित सतीघट्टा चिया बगानका श्रमिकलाई झुल वितरण गरिएको हो। १७औं गणतन्त्र दिवसको अवसर पारेर मेचीनगर–७ स्थित सतीघट्टा चिया बगानको गोमनसरीस्थित खान्द्रु टोल, नमुना टोल र चिया बगान १२ नम्बर इकाईमा गरेर एक सय ५० परिवारलाई झुल वितरण गरिएको हो।

जनताका दुःख–सुखमा साथ र सहयोग गर्दै उनीहरुलाई पार्टीसँग जोड्ने उद्देश्यले झुल वितरण गरिएको नगर अध्यक्ष राजन चिमरियाले बताए। झुल वितरण कार्यक्रममा नगर अध्यक्ष राजन चिमरिया, उपाध्यक्ष बद्रीनाथ फुयाल ( बिएनपी), सचिव ज्ञानेन्द्र घिमिरे, कोषाध्यक्ष दिनेश ओली, पार्टीका मेचीनगर–७ का अध्यक्ष कृतिनिधि गौतम, ६ का अध्यक्ष ध्रुब गिरी लगायतको उपस्थिति रहेको थियो।

व्यवसायी समेत रहेका चिमरियाले गत बैशाख २७ गते आफ्नो २१औं वैवाहिक बर्ष गाँठको अवसर पारेर नगरका १५ वटै वडामा एक सयका दरले झुल वितरण गर्ने घोषणा गरेका थिए। उक्त अभियान अन्तर्गत नगर र वडा पार्टीसँगको सहकार्यमा झुल वितरण गरिएको चिमरियाले बताए।

अघिल्लो प्रत्येक वर्षहरुमा जन्मदिन र वैवाहिक वर्षगाँठको अवसरमा समाजमा विभिन्न समस्यामा पर्दै आएका बिपन्न समुदायलाई सहयोग पुर्‍याउँदै आएका चिमरियाले यस बर्ष झुल वितरण अभियान सञ्चालन गरेका हुन्।

बैशाख २७ गते मेचीनगर–८ को टोकला बगानका श्रमिकहरुलाई एक सय ५० थान झुल वितरण गरेर अभियानको शुरुवात गरेका थिए।

रीतिका डेरी उद्योगका सञ्चालक समेत रहेका चिमरियाले आफ्नो जन्मदिन कात्तिक १६ गते र वैवाहिक वर्षगाँठमा प्रत्येक बर्ष सामाजिक सेवा अन्तर्गत दीनदुःखीलाई सहयोग गरेर मनाउँदै आएका छन्।

# पर्यावरण सम्बन्धी वक्तृत्वकला

**चारआली, जेठ १६।** गणतन्त्र दिवसको अवसरमा चेतनशील सामुदायिक सिकाइ केन्द्र मेचीनगर–१० खयरडाँगीले 'पर्यावरण र पानीको महत्व' विषयक वक्तृत्वकला प्रतियोगिता धुलाबारीमा सम्पन्न गरेको छ।

प्रतियोगितामा मेचीनगर–१० भित्र रहेका छ वटा बाल क्लवका बालबालिका सहभागी भएका थिए। प्रतियोगितामा प्रथम क्याम्पस बाल क्लवका सोयल अली, दोस्रो चेतनशील सामुदायिक सिकाइ केन्द्रका प्राञ्जल खनाल र तेस्रो प्रगति बाल क्लवकी प्रजिसा पोखरेल भएका छन्। उनीहरुलाई नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा मेचीनगर नगरपालिकाको सामाजिक विकास शाखा संयोजक हृदय राजवंशीको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा धुलाबारी खानेपानीका पूर्व अध्यक्ष इन्द्रबहादुर बुढाथोकी, आयोजक संस्थाका पूर्व अध्यक्षहरु निरोज कट्टेल, चेतन बिष्ट, इन्द्र बाँस्कोटा, प्रकाश पोखरेल, सचिव कुलप्रसाद कट्टेल, मेचीनगर–१० का वडा सदस्य विशाल कार्की, महाकालेश्वर मन्दिरका अध्यक्ष अध्यक्ष केदार गौतम, मणिराम खतिवडा, रमेशप्रसाद बराल, मोहनप्रसाद खतिवडा, जीतबहादुर खड्का, लीला खवास, पवित्रा बराल, सरस्वती घिमिरे चेतनशील संस्थाकी परिचालिका ममता खतिवडा लगायतको उपस्थिति थियो।

प्रतियोगिताका निर्णायक भूमिकामा काँकरभिट्टा माविका शिक्षक पूर्ण भेटवाल र शिशु साक्षर नि.मा.वि धुलाबारीका शिक्षिका शशी पराजुली रहेका थिए।





चेतनशील सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष उदय बराइलीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत संस्थाकी उपाध्याय धनमाया गौतमले गरेकी थिइन् भने सञ्चालन धर्मेन्द्र खड्काले गरेको टेकेन्द्र ढकालले जानकारी दिए।

# कालिकापिठमा हाजिरीजवाफ



**कालीस्थान, जेठ १६।** १७औं गणतन्त्र दिवसको अवसर पारेर कालिका सस्कृत बिद्यापीठ अध्ययनरत् विद्यार्थीहरुले अन्तर सदनात्मक हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरेका छन्।

प्रतियोगितामा चार समूह सहभागी थिए। प्रतियोगितामा गणेश निरौला नेतृत्वको मधेस प्रदेश समूह प्रथम, प्रयास खतिवडा नेतृत्वको कोशी प्रदेश समूह दोस्रो, दिप्सन पोखरेल नेतृत्वको गण्डकी प्रदेश समूह तृतीय भएका थिए।

विद्यालयका प्राचार्य आचार्य रघुनाथ रिजालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कालिकापीठ कालीस्थानका सचिब भोलानाथ पोखरेल, सहसचिव राम मिश्र, सह–प्राचार्य भरत अधिकारी लगायतको आतिथ्य रहेको थियो।

आकाश निरौलाको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रवेश खतिवडाले सहजीकरण गरेका थिए भने सबिन ढकाल र उमेश निरौलाले सञ्चालन गरेका थिए।

# झापामा हुरीबतासले करोडौंको क्षति

**झापा, जेठ १६।** मंगलबार राति वर्षा र चट्याङसहित आएको हुरीबतासले मेचीनगर नगरपालिकामा ठूलो क्षति गरेको छ।

हुरीले बिजुलीको खम्बा ढालेपछि मंगलबार रातिदेखि मेचीनगर क्षेत्रको विद्युत् आपूर्ति बन्द भएको छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कृष्णकुमार चन्दले हुरीले मेचीनगर–७, ८ र १० मा ठूलो मात्रामा क्षति पुर्‍याएको बताए। उनका अनुसार सो क्षेत्रका सयौं घरको छाना उडाएको, विद्युत्का खम्बा ढालेको, विद्यालयका छाना भत्काएको, सडक र निजी जग्गाका रूख ढालेको र केही स्थानमा खानेपानीको वितरण अवरुद्ध भएको छ।



मेचीनगर–१० स्थित जयश्री हलेसी भेनियर उद्योग, सिद्धिविनायक भेनियर उद्योग र सिद्धार्थ भेनियर उद्योगको जस्तापाताको छाना उडाएको छ। भेनियरका सञ्चालक डिल्लीराम श्रेष्ठले एक करोड रुपैयाँभन्दा बढीको क्षति भएको जानकारी दिए। उनले तयारी अवस्थामा रहेका सात ट्रक भेनियर पत्ता, टिनको छाना र बेरा भएको उद्योग भत्काएको बताए। सिद्धिविनायकका सञ्चालक श्याम न्यौपानेले हुरीबाट १० लाख रुपैयाँभन्दा बढीको क्षति पुगेको बताए।

नगरका अन्य भेनियर उद्योगमा पनि भौतिक क्षति पुगेको भन्दै यकिन विवरण आइ नपुगेको सूचना अधिकारी चन्दले बताए। मेचीनगर–७ का वडाध्यक्ष प्रह्लादमणि ओलीको जोरसिमलस्थित घरको छाना हुरीले उडाएको छ भने आसपासका बस्तीमा दर्जनौं घरमा क्षति पुगेको छ।

धुलाबारी इलाका प्रहरी कार्यालयको ब्यारेकको फल्स सिलिङसहित क्यान्टिनको छानो उडाएको छ। त्यस्तै, मेचीनगर–८ इँटाभट्टास्थित आदर्श माध्यमिक विद्यालयको जस्तापाताको छानो हुरीले क्षति पुर्‍याएको सूचना अधिकारी चन्दले जानकारी दिए। उनले क्षतिको थप विवरण सङ्कलन भइरहेको भन्दै मानवीय क्षति भने नभएको बताए।

# 'लन्डन टु पेरिस'मा साम्राज्ञी



अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहको मुख्य भूमिका रहेको फिल्म 'लन्डन टु पेरिस' को ट्रेलर सार्वजनिक भएको छ। सार्वजनिक ट्रेलरमा त्रिकोणात्मक प्रेम सम्बन्धलाई देखाइएको छ।

साम्राज्ञी र निश्चल खड्काबीच प्रेम र विछोड वरिपरि ट्रेलर घुमेको छ। घनश्याम लामिछाने निर्देशित यस फिल्मले ट्राभल लभस्टोरी प्रस्तुत गर्छ। यस फिल्ममा साम्राज्ञी र निश्चलका साथै कवीर खड्का र गरिमा शर्मा, रूष्मा थापा, मनीष श्रेष्ठ तथा मनिष गान्धीको अभिनय रहेको छ। निश्चलसहित गरिमाले यसै फिल्मबाट डेब्यू गर्दै छन्।

फिल्मको कथा, पटकथा र संवाद प्रदीप भारद्वाजले लेखेका हुन्। अमीत बस्नेतले निर्माण गरेको सिनेमामा आरोन बस्नेत, एरियाना बस्नेत तथा परी राना निर्माताका रूपमा रहेका छन्। एबी इन्टरनेशनलको प्रस्तुति रहेको यो फिल्म जेठ २५ गतेबाट रिलिज हुँदै छ। रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्मसले यसलाई नेपालभर वितरण गर्नेछ।


उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा– ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*

सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**


बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३–५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**बराल ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| दमकबाट | बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट | दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आज काममा सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** समय फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तपाईको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहने छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रचनात्मक काम शुरू गर्ने समय छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** कर्म क्षेत्र प्रगतिशील बन्नेछ, जुनसुकै काम गरे पनि सिद्ध हुने योग छ, मन हर्षित रहनेछ, साथीभाइले साथ दिनेछन्।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** काममा नोक्सानी व्यहोर्नुपर्ने हुनसक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता होला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अधुरा कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, धैर्य रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्ने छ, माया–प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ।